नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

# शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्बन्धी कार्यविधि, २०८३

चिकित्सा शिक्षा आयोग

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति: का.विधि
दर्ता नं: ९२।०८३
दर्ता मिति: २०८२।०८।०५

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्बन्धी कार्यविधि, २०८३

<u>प्रस्तावना</u>: राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी चिकित्सा शिक्षा आयोगले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेदः एक

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्वन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्छ ।

(घ) "चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेशा सम्वन्धी सवै विधा र तहका शिक्षा (हेल्थ प्रोफेसनल एजुकेशन) सम्झनु पर्छ ।

(ङ) "निर्देशक" भन्नाले चिकित्सा शिक्षा आयोगको निर्देशक सम्झनु पर्छ ।

(च) "निर्देशनालय" भन्नाले चिकित्सा शिक्षा आयोगको निर्देशनालय सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले चिकित्सा शिक्षा आयोगको कार्यकारी समिति सम्झनु पर्छ ।

(ज) "कार्यक्रम" भन्नाले चिकित्सा शिक्षा आयोगबाट स्वीकृत चिकित्सा शिक्षाका कार्यक्रम सम्झनु पर्छ।

(झ) "प्रतिष्ठान" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापित प्रतिष्ठान सम्झनु पर्छ ।

(ञ) "शिक्षण संस्था" भन्नाले प्रचलित कानुन वमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्छ ।

(ट) "सार्वजनिक शिक्षण संस्था" भन्नाले सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्तिको प्रयोग गरि स्थापना भएका सरकारी, सार्वजनिक गुठी वा अन्य शिक्षण संस्था सम्झनु पर्छ ।

प्रा.डा. [illegible]
उपाध्यक्ष

(ठ) "निजी शिक्षण संस्था" भन्नाले नेपाली र विदेशी नागरिकको संयुक्त लगानीमा वा नेपाली नागरिकको लगानीमा सञ्चालित शिक्षण संस्था सम्झनु पर्छ ।

(ड) "शिक्षण शुल्क" भन्नाले शिक्षण संस्थाले चिकित्सा शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालिम र परीक्षा शुल्क सम्झनु पर्छ। सो शब्दले आयोगको स्वीकृतिमा शिक्षण संस्थाले लिने अन्य शुल्कलाई समेत जनाउँछ।

## परिच्छेदः दुई

## शिक्षण शुल्क कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

३. शिक्षण शुल्क अनुगमन सम्बन्धी व्यवस्थाः (१) चिकित्सा शिक्षा आयोगवाट चिकित्सा शिक्षाका कार्यक्रमका लागि निर्धारण गरिएको शिक्षण शुल्कको अनुगमन गर्नुपर्ने छ ।

(२) उपदफा १ बमोजिम अनुगमन गर्दा तोकिएको शुल्कका अतिरिक्त अन्य कुनै शीर्षकमा शुल्क लिए नलिएको समेत अनुगमन गर्नुपर्ने छ ।

(३) शुल्कका सम्बन्धमा आयोगमा परेका उजुरी उपर अनुगमन गर्नुपर्ने छ ।

(४) शुल्क कार्यान्वयन सम्वन्धमा शिक्षण संस्था अनुगमन गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा गरिने छ ।

४. अनुगमन पुर्व गर्ने कार्यः अनुगमन पूर्व देहायका कार्यहरू गरिने छः

(क) वार्षिक रुपमा अनुगमन समय तालिका निर्माण,
(ख) प्राप्त उजुरीहरूको सङ्कलन र विश्लेषण,
(ग) अनुगमनका विधि र प्रकिया निर्धारण,
(घ) आवश्यकता अनुसार थप अनुगमनकर्ता चयन,
(ङ) आवश्यक्ता अनुसार शिक्षा तथा खेलकुंद मन्त्रालय, गृह मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, जिल्ला प्रशासन कार्यलय लगायतका निकायसँग समन्वय सम्बन्धी कार्य गर्ने ।

५. अनुगमनका आधारः शिक्षण शुल्क अनुगमन गर्दा देहायका आधारमा गरिने छः

(क) स्थलगत भ्रमण,
(ख) अवलोकन,
(ग) सरोकारवालासँग छलफल,
(घ) सूचना प्रविधिको प्रयोग,
(ङ) आयोगमा प्राप्त उजुरी, जानकारी र सुझावहरूको विश्लेषण,
(च) आयोगको कार्यकारी समितिमा विमर्श र समीक्षा ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

## परिच्छेदः तीन

## शिक्षण शुल्क कार्यान्वयन अनुगमन समिति सम्वन्धी व्यवस्था

६. **शिक्षण शुल्क कार्यान्वयन केन्द्रीय अनुगमन समितिः** (१) चिकित्सा शिक्षाका कार्यक्रमका लागि लिइने शुल्क कार्यान्वयन अनुगमन गर्न देहाय बमोजिमको शिक्षण शुल्क कार्यान्वयन केन्द्रीय अनुगमन समिति रहने छः

(क) योजना, समन्वय तथा प्राज्ञिकउन्नयन निर्देशनालयका निर्देशक - संयोजक

(ख) मापदण्ड तथा प्रत्यायन निर्देशनालयका निर्देशक - सदस्य

(ग) गृह मन्त्रालयका सह सचिव - सदस्य

(घ) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सह सचिव - सदस्य

(ङ) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सह सचिव - सदस्य

(च) विश्वविद्यालय अनुदान आयोगका प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(छ) योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयका निर्देशकले तोकेको उपसचिव - सदस्य सचिव

७. **शिक्षण शुल्क कार्यान्वयन केन्द्रीय अनुगमन समितिको काम कर्तव्य र अधिकारः** (१) शिक्षण शुल्क कार्यान्वयन केन्द्रीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

(क) चिकित्सा शिक्षाका लागि बार्षिक रुपमा तोकिएको शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्वन्धी योजना वनाउने,

(ख) अनुगमन सम्वन्धी कार्यतालिका निर्माण गर्ने,

(ग) अनुगमन सम्वन्धी लक्ष्य र सूचक तोक्ने,

(घ) शुल्क कार्यान्वयन अनुगमन गर्दा विश्वविद्यालय र शिक्षण संस्थाहरूसगँ समन्वय गर्ने,

(ङ) अनुगमन गर्दा गृह मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रदेश सरकारका सम्बन्धित विषय हेर्ने मन्त्रालयहरूसँग समन्वय गर्ने,

(च) अनुगमन गर्दा सूचना प्रविधिलाई प्राथमिकता दिने,

(छ) अनुगमनका क्रममा आवश्यकता अनुसार निर्देशन दिने,

(ज) स्थानिय प्रशासनसँगको समन्वय तथा सहकार्यमा अनुगमन गर्ने ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

८. <u>शिक्षण शुल्क कार्यान्वयन जिल्ला अनुगमन समितिः</u> (१) चिकित्सा शिक्षाका कार्यक्रमका लागि लिइने शुल्क कार्यान्वयन अनुगमन गर्न देहाय बमोजिमको शिक्षण शुल्क कार्यान्वयन जिल्ला अनुगमन समिति हुने छः

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख - सदस्य

(ग) स्वास्थ्य कार्यालय प्रमुख - सदस्य

(घ) जिल्ला प्रहरी कार्यालय प्रमुख - सदस्य

(ङ) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको जिल्ला अनुगमन समितिमा संयोजकले शुल्क तिरिरहेका अभिभावक र अन्य सरोकारवलाहरूलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सक्ने छ ।

९. <u>शिक्षण शुल्क कार्यान्वयन जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) शिक्षण शुल्क कार्यान्वयन जिल्ला अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

(क) शुल्क सम्वन्धी उजुरी, गुनासा र सुझाव विश्लेषण गरी तिनको सम्वोधनका लागि आवश्यक कार्य गर्ने,

(ख) शुल्क कार्यान्वयन अनुगमन गर्दा विश्वविद्यालय र शिक्षण संस्थाहरूसगँ समन्वय गर्ने।

(ग) अनुगमनका क्रममा आवश्यकता अनुसार निर्देशन दिने,

(घ) आवश्यकता अनुसार जिल्ला अनुगमन समिति र सरोकारवालहरूसँगको बैठक गर्ने,

(ङ) शुल्क सम्वन्धी गरिएका प्रयासहरूका बारेमा आयोगलाई जानकारी गराउने ।

## परिच्छेदः चार

## <u>विविध</u>

१०. <u>सहयोग तथा समन्वयः</u> चिकित्सा शिक्षा आयोगले यस कार्यविधि बमोजिमको अनुगमन गर्दा गृह मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, विश्वविद्यालय, प्रतिष्ठान, शिक्षण संस्था, प्रदेश सरकार, स्थानीय तह, जिल्ला प्रशासन कार्यालयसँग आवश्यकतानुसार सहयोग लिन सक्ने छ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

११. <u>उजुरी तथा गुनासो सम्बन्धी व्यवस्था:</u> (१) चिकित्सा शिक्षा सम्वन्धी शुल्कका सम्वन्धमा सरोकारवलाहरूले प्रचलित कानूनमा व्यवस्था भएका निकायका साथै देहायका कुनै एक निकाय वा सवैमा उजुरी दिन सक्नेछन् :

(क) स्थानीय प्रशासन,

(ख) सम्बन्धित चिकित्सा शिक्षा अध्यापन गराउने शिक्षण संस्था,

(ग) सम्वन्धित विश्वविद्यालय,

(घ) चिकित्सा शिक्षा आयोग.

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका संस्था तथा विश्वविद्यालयमा उजुरी तथा गुनासाहरू पेस भएमा सो सम्बन्धमा सम्वन्धित संस्था तथा विश्वविद्यालयले प्रारम्भिक छानबिन् गरी सो को जानकारी दफा ६ बमोजिमको केन्द्रीय अनुगमन समितिमा पठाउनु पर्ने छ । उक्त समितिले आवश्यक ठानेमा उक्त केन्द्रीय अनुगमन समितिबाट वा दफा ८ बमोजिमको समितबाट थप छानबिन गराउन सक्ने छ ।

१२. <u>प्रतिवेदन पेश गर्नु पर्ने:</u> शिक्षण शुल्क कार्यान्वयन केन्द्रीय अनुगमन समितिले आयोगबाट समय समयमा गरिने अनुगंमन र शिक्षण शुल्क कार्यान्वयन ज़िल्ला अनुगमन समितिले गरेको अनुगमन समेतका आधारमा एकमुष्ठ प्रतिवेदन अनुसूचि-२ बमोजिको ढाँचामा तयार गरी कार्यकारी समितिमा पेश गर्नु पर्नेछ । त्यस्तो प्रतिवेदनमा आयोगबाट निर्धारीत शुल्क कार्यान्वयन नगर्ने शिक्षण संस्थाको छुट्टै विवरण तयार पारी लगत राख्नु पर्ने छ ।

१३. <u>बाधा अड्काउ फुकाउः</u> यस कार्यविधि बमोजिमको व्यवस्था कार्यान्वयनमा कुनै बाधा, अड्काउ परेमा योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको सिफारिसमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार कार्यकारी समितिलाई हुने छ ।

१४. <u>अनुसूचीमा हेरफेरः</u> योजना समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको सिफारिसमा कार्यकारी समितिको निर्णयानुसार अनुसूचीमा आवश्यक हेरफेर, थपघट र परिमार्जन गर्न सकिने छ ।

१५. <u>खारेजी र बचाउः</u> (१) शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्बन्धी कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्वन्धी कार्यविधि, २०७९बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधिबमोजिम भए गरेको मानिने छ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची -१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**शुल्क कार्यान्वयन अनुगमन फाराम**

अनुगमनकर्ताले वास्तविक अवस्थाको यथार्थ जानकारी लिई संभव भएसम्म त्यससँग सम्वन्धित प्रमाण, अभिलेख अध्ययन गरी वस्तुनिष्ठ आधारमा सरोकारवालासँग छलफलसमेत गरी यो साधनको प्रयोग गर्नु पर्ने छ ।

संस्थाको नामः ठेगाना :

संस्थाको किसिम

सञ्चालित तह र कार्यक्रमहरू:

प्रमुखको नामः सम्पर्क नम्बरः

इमेलः

वेवसाइटः

अनुगमनका क्रममा छलफल तथा सूचना प्राप्तिमा संलग्न भएका पदाधिकारी तथा अन्य व्यक्तिहरू:

क.

ख.

अध्यापन हुने विषय र तहः

कुल विद्यार्थी संख्याको विवरणः

छात्रवृत्तिमा अध्ययनरत विद्यार्थी सङ्ख्याको विवरणः

शुल्क सम्वन्धी विषयमा अनुगमन तथा सूचना संकलन विवरणका क्षेत्र र विषयहरू:

| सि.न. | विषयक्षेत्र | सोधिएका तथा सूचना लिएका विषय | विषयवस्तुहरूको अवस्थाको टिपोट | तथ्य, सूचना अभिलेखको स्रोत |
|---|---|---|---|---|
| १ | शुल्क सम्वन्धी पारदर्शीता (सूचना तथा जानकारी कसरी दिने गरीएको छ लगायतका विषयहरू) | | | |
| २ | संस्थाले विद्यार्थीबाट लिने गरेको शुल्क (के के मा, कहिले कहिले लयागतका विषयहरू) | | | |
| ३ | शुरुमा विद्यार्थीले विश्ववालयमा तिरेको शुल्क वि वि ले कहिले पठाउंछ? (कति के कसरी लगायतका विषयहरू | | | |

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | शुल्क सम्वन्धी विद्यार्थीहरूको गुनासो र व्यवस्थापन पद्दती | | | |
| ५ | अभिभावकहरूको गुनासो र सम्वोधनका विषयहरू | | | |
| ६ | शुल्क सम्बन्धी उजुरी उपरको कारबाही | | | |
| ७ | चिकित्सा शिक्षा आयोगसँगको परामर्श तथा निर्देशन माग सम्बन्धमा | | | |
| ८ | विश्वविद्यालयहरूसँगको सहकार्य | | | |
| ९ | शिक्षण शुल्क कार्यान्वय जिल्ला अनुगमन समिति वा जिल्ला प्रशासन कार्यालयसँगको समन्वय र सहकार्य | | | |
| १० | अन्य आवश्यक महशुस गरिएका विषय | | | |

शुल्क कार्यान्वयन अनुगमनका क्रममा देखिएका मुद्दा (Issues) हरूमा सम्वन्धित संस्थाको धारणाः

अनुगमनकर्ताको रिफ्लेक्सन (Reflection):

अनुगमनकर्ताको नाम :

हस्ताक्षर

प्रा.डा. श्रीकृष्ण गिरी

उपाध्यक्ष

अनुसूची-२

(दफा १२ सँग सम्बन्धित)

## शुल्क कार्यान्वयन अनुगमन प्रतिवेदनको ढाँचा

अनुगमनकर्ताको नामः (समूह अनुगमन भएको भए सबैको नाम लेख्ने)

अनुगमनको अवधिः (कुन मितिदेखि कुन मितिसम्म खुलाउने)

१. अनुगमनको सन्दर्भः

२. उद्देश्यः

३. अनुगमनको विधि तथा प्रक्रियाः

४. अनुगमन तालिकाः

| अनुगमन गरिएका निकायहरू | अनुगमन मिति | क्रियाकलाप | सहभागी |
|---|---|---|---|
| | | | |

५. शुल्क कार्यान्वयन अनुगमनमा देखिएका प्रमुख तथ्यहरूः

६. तथ्यका आधारमा कार्यान्वयनका लागि सुझावहरूः

| सि.न. | सुझाव | कार्यान्वयन तरिका | जिम्मेवार निकाय, अधिकारी | समयसीमा |
|---|---|---|---|---|
| | | | | |

७. निष्कर्षः

अनुगमनकर्ताको हस्ताक्षरः

मितिः

प्रा.डा. [illegible] गिरी

उपाध्यक्ष